***Siddhajyoti Interdisciplinary Journal (SIJ)***
Vol. III, January, 2022
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus Sindhuli
https://www.nepjol.info/index.php/sij

# नेपालको भाषिक नीति र मातृभाषामा शिक्षा

**सुस्मिता खतिवडा**

**Article History**: ***Received:*** 30 June 2021; ***Reviewed:*** 30 November 2021; ***Accepted:*** 10 December 2021

**लेखसार**

*यस लेख नेपालको भाषिक नीति र मातृभाषामा शिक्षा शीर्षकमा तयार पारिएको छ । यस लेखमा नेपालको भाषिक नीतिमा के के छन् ? मातृभाषामा शिक्षणमा के कस्ता प्रयासहरू भएका छन् ? आधारभूत तह (१-३) मा मातृभाषामा शिक्षणका अवसर र चुनौती के कस्तो रहेको छ ? भन्ने विषयलाई समस्याका रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी नेपालको भाषानीति, नेपालको भाषिक परिवेश र नेपालमा मातृभाषामा शिक्षणका लागि भएका सरकारी र गैरसरकारी प्रयासहरूको अध्ययन गर्नुका साथै यसका अवसर र चुनौतीहरूको विश्लेषण गर्नुलाई उद्देश्यका रूपमा प्रस्तुत गरिएको छ । यस लेखमा पुस्तकालयीय अध्ययन प्रक्रियाबाट सामग्री सङ्कलन गर्नुका साथै यससम्बन्धी विषय विशेषज्ञहरूका श्रव्य, दृश्य अन्तर्वार्ता लगायतका सामग्रीवाट त्यसको अध्ययन विश्लेषण गरिएको छ । यसमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । मूलत यस लेखमा प्रारम्भिक तहका कक्षामा मातृभाषामा पठनपाठन गर्नुपर्ने कुरामा नेपाल सरकारले संविधानमा भाषाका बारेमा गरिएको व्यवस्था र मातृभाषामा भएका सरकारी प्रयास तथा यसका चुनौतीहरूलाई प्रस्तुत गरिएको छ । त्यसैगरी नेपालको भाषिक परिवेशमा मातृभाषा शिक्षाको आवश्यकता, आधारभूत तह (१-३) मा मातृभाषामा शिक्षण गर्नुपर्ने कारण र यसका सकारात्मक पक्षहरू, मातृभाषामा शिक्षाका चुनौतीहरूलाई प्रस्तुत गरिएको छ । आधारभूत तहमा मातृभाषामा शिक्षण गर्दा आइपरेका समस्याहरूलाई कसरी अवसरका रूपमा बदल्न सकिन्छ भन्ने कुराहरूलाई लेखको निष्कर्षमा सुझावको रूपमा प्रस्तुत गरिएको छ ।*

***मुख्य शब्दावली :*** बहुभाषिकता, भाषिक विविधता, मातृभाषा, लोपोन्मुख, संरक्षण, भाषिक अधिकार

## परिचय

विश्वमा एसिया प्रशान्त क्षेत्र सांस्कृतिक र भाषिक दृष्टिले बढी समृद्ध पाइन्छ । नेपाल पनि बहुभाषिक, बहुजातीय, सास्कृतिक विविधता भएको मुलुक हो । नेपालको जनगणना सन् १९११ बाट सुरू गरिए पनि मातृभाषाहरूको गणना सन् १९५२/५४ बाट भएको पाइन्छ (लोप्चन, २०७६,पृ.१९) । पछिल्लो जनगणना २०६८ का अनुसार दश धार्मिक आस्था बोकेका १२५ जातजाति र १२३ भाषाहरूको विवरण सङ्कलन गरिएको छ । भाषा आयोगले २०७६ कार्तिक १८ गते राष्ट्रपति समक्ष बुझाएको आफ्नो वार्षिक

*Copyright 2022 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

प्रतिवेदनमा थप ६ वटा नयाँ भाषाको पहिचान भएको कुरा उल्लेख गरेको छ । पहिचान भएका नयाँ भाषामा राना थारू(कन्चनपूर), नार फू(कन्चनपूर), थुम(स्यार), गोरखा-तुब्री(लार्के गोरखा), पोइके(डोल्पा), सेराके(सेर्के) मुस्ताङमा बोलिने उल्लेख छ भने फेरि भाषा आयोगलेनै आ.ब. २०७६/७७ मा गरेको अध्ययनवाट धनकुटा जिल्लामा बोलिने मरिक-याक्खा र सङ्खुवासभा जिल्लामा बोलिने नावा शेर्पा भाषा समेत गरी थप दुईओटा मातृभाषाहरूको पहिचान गरेको छ। आयोगले यी मातृभाषी वक्ताहरूको सङ्ख्या र विवरण २०७८ सालको जनगणनाबाट यकिन हुने विश्वास लिएको छ (भाषा आयोगको वार्षिक प्रतिवेदन, २०७७/७८, पृ.क) । यसर्थ अब हुने जनगणनामा भाषा सङ्ख्या थपिने प्राय निश्चित देखिन्छ । २०६८ को जनगणनाअनुसार झण्डै ९६ प्रतिशत जनसङ्ख्याले १९ वटा मात्र भाषा बोल्छन् जसमध्ये नेपाली वक्ताको प्रतिशत सबैभन्दा वढी ४४.६ प्रतिशत रहेको छ। बाँकी १०४ वटा भाषाका वक्ता चार प्रतिशतमा सीमित छन् (यादव, २०७५, पृ.७४) । सङ्ख्याका आधारमा भाषिक विविधता भएपनि १०४ वटा भाषाका वक्ता चार प्रतिशतमा मात्रहुनु निकै गम्भीर विषय हो ।

यसरी भाषा सङ्ख्याका आधारमा नेपाली समाजमा भाषिक विविधता प्रशस्त पाउन सकिन्छ । विविध मातृभाषाभएकाबालबालिकाका लागि मातृभाषामा सिकाइको आवश्यकता धेरै हुन्छ । बालकले जीवनमा ग्रहण गरेको पहिलो भाषा अर्थात् आमाको भाषालाई मातृभाषा भनिन्छ । बालकले सबभन्दा पहिले आमासँग र घर परिवारमा रहेर सिक्ने भाषालाई पहिलो भाषा भनिन्छ (नेपालमा बहुभाषिक शिक्षा, २०७२,पृ.१) । अतः मातृभाषामा शिक्षा भनेको व्यक्तिले बोल्ने पहिलो भाषामा पठनपाठन गर्नु हो ।

वक्ता सङ्ख्याका आधारमा हेर्ने हो भने पनि बृहत् भाषा वक्ता सङ्ख्या भएको भाषाको प्रभाव अल्पसङ्ख्यक वक्ता भएका भाषामा पर्ने गर्दछ । यस्तो स्थितिमा भाषालोप, भाषा अपक्षय र भाषा मृत्यु हुनुबाट जोगाउन पनि मातृभाषामा शिक्षाको आवश्यकता पर्दछ । यसका लागि सरकारी र गैरसरकारी स्तरमा विभिन्न प्रयासहरू भइरहेका छन् । यिनै प्रयास र उपलब्धिहरूको अध्ययन विश्लेषणमा यस लेख केन्द्रित रहेको छ। यसका साथै नेपालमा मातृभाषा शिक्षणका चुनौती पनि यस लेखमा समावेश गरिएको छ ।

अनुसन्धानमूलक लेखका निम्ति चयन गरिएको अनुसन्धानको विषयवस्तु नै अनुसन्धानमूलक लेखको समस्या हो । अनुसन्धानको मुख्य उद्देश्य समस्याको समाधान गर्नु हो । त्यसैले यस लेखमा निम्नानुसारका प्रश्नहरूलाई समस्याका रूपमा प्रस्तुत गरिएको छ :

क) नेपालको भाषिक नीति के-कस्ता छन्?

ख)मातृभाषामा शिक्षामा भएका सरकारी र गैरसरकारी प्रयासहरू के कसरी भइरहेका छन् ?

कुनै पनि अनुसन्धानको उद्देश्य समस्यामा उल्लेख गरिएका प्रश्नहरूको समाधान गर्नु हो । शोध समस्याले नै उद्देश्यलाई निर्देशन गरेको हुन्छ । अनुसन्धानमूलक लेखमा समस्याअनुसारका उद्देश्यहरू स्पष्ट रूपमा किटान गरिनुपर्दछ । त्यसैले यस लेखमा निम्नानुसारका वाक्यहरूलाई उद्देश्यका रूपमा प्रस्तुत गरिएको छ :

(क) नेपालको भाषिक नीतिको अध्ययन गर्नु ।

(ख) मातृभाषामा शिक्षामा अहिलेसम्म भइरहेका सरकारी र गैरसरकारी प्रयासहरूको अध्ययन गर्नु ।

## अध्ययन विधि

अनुसन्धानका क्रममा अँगालिने क्रमबद्ध नियम, तरिका वा कार्यप्रणाली नै अध्ययन विधि हो ।यस अध्ययन गुणात्मक अध्ययन ढाँचामा केन्द्रित छ । द्वितीयक स्रोत अन्तर्गत पुस्तकालय कार्यबाट पूर्ववर्ती

अध्येताहरूका सम्बन्धित कृतिहरूको गहन अध्ययन गरी प्रस्तुत आलेखलाई विश्लेषण गरिएको छ। यस विषयमा लेखिएका विभिन्न पाठ्यपुस्तक, इन्टरनेटबाट खोजिएका पाठ्यसामग्री तथा श्रव्यदृश्य सामग्रीको उपयोग गरी अध्ययन कार्य सम्पन्न गरिएको छ। साथै यहाँ विभिन्न अध्ययन र विश्लेषणवाट उपयुक्त तर्कका साथ लेखकीय दृष्टिकोण प्रस्तुत गरिएको छ। यस आलेख एपिए शैली अवलम्बन गरी तयार गरिएको छ।

यस लेख नेपालको भाषिक नीति रमातृभाषा शिक्षणमा भएका पहल तथा यसका चुनौतीहरूको अध्ययन हो। यसमा सरकारी र गैरसरकारी निकायहरूको प्रयासको अध्ययन गरिएको छ। यस अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरी गरिएको छ :

(क) यसमा नेपालको भाषिक नीतिको अध्ययन गरिएको छ।

(ख) यस अध्ययन मातृभाषामा शिक्षणमा भएका सरकारी र गैरसरकारी निकायको प्रयास अर्थात् भूमिकाको अध्ययनमा आधारित रहेको छ।

(ग) मातृभाषामा शिक्षणगर्दा आईपर्ने चुनौतीहरूको विश्लेषण पनि यस अध्ययनमा गरिएको छ।

यस अध्ययनमा नेपालको भाषिक नीति र मातृभाषामा शिक्षणको अध्ययन गरिएको छ। साथै नेपालमा मातृभाषमा शिक्षणका लागि भएका सरकारी र गैरसरकारी प्रयास र भूमिकाको अध्ययन गरिएको छ। मातृभाषामा शिक्षणगर्दा आइपर्ने चुनौतीहरूको विश्लेषण पनि यसमा गरिएको छ। मातृभाषाको अध्ययन गर्न चाहने अनुसन्धानकर्ता, भाषाका शिक्षक,विद्यार्थीहरू जो कोहीलाई पनि यस लेख सहयोगी बन्न सक्ने भएकाले यस अध्ययन औचित्यपूर्ण छ।

## छलफल र नतिजा

### मातृभाषामा शिक्षाको अवधारणा

बालकले घर परिवारमा हुर्कदै गर्दा आमाबाट अर्थात् उसको परिवारवाट सिकेको पहिलो भाषा नै मातृभाषा हो। विद्यालयमा दोस्रो भाषामा नभई वालकले पहिलो भाषा अर्थात् उसको मातृभाषामा नै शिक्षा दिने प्रक्रियालाई मातृभाषामा शिक्षा भनिन्छ।(युनेस्को, २००३) का अनुसार सिकारूको मातृभाषालाई माध्यमका रूपमा शिक्षण सिकाइमा प्रयोग गर्नु मातृभाषी शिक्षा हो (लोप्चन, २०७६,पृ.१४२)। मातृभाषामा शिक्षा पाउनु बालकको भाषिक अधिकार पनि हो। नेपालमा बहुभाषिक स्थिति रहेको हुँदा सिकाइलाई दिगो तथा प्रभावकारी बनाउन मातृभाषामा शिक्षा आवश्यक देखिन्छ। राष्ट्रिय जनगणनालाई आधार बनाउने हो भने पनि नेपालमा २०५८मा ९२ भाषाहरू रहेकोमा २०६८ मा १२३ भाषाहरू रहेको देखिन्छ। दश वर्षको अन्तरालमा ३१ भाषा थपिएका छन्। भाषा आयोगको पछिल्लो प्रतिवेदन अनुसार आगामी जनगणनामा भाषा सङ्ख्या थप हुने निश्चित देखिन्छ। तसर्थ यी सबै भाषाभाषीले मातृभाषामा शिक्षा पाउने हकको सुनिश्चितता भएको छ त ? भन्ने विषयको खोजी आवश्यक हुन्छ। कुनै पनि बालबालिकालाई उनीहरूको मातृभाषाको माध्यमवाट सिकाइको वातावरण सृजना गर्नुपर्दछ जसले गर्दा उनीहरूलाई सिकाइमा सहज हुनुका साथै विद्यालयप्रति आकर्षित हुन्छन् भन्ने अवधारणा रहेको छ। प्राथमिक तहका बालबालिकालाई दोस्रो भाषामा शिक्षण गर्दा उनीहरूलाई भाषाका कारणले सिक्न अप्ठ्यारो हुने र सिकाइ उपलब्धिपूर्ण नहुन पनि सक्छ भन्ने अवधारणमा आधारित मातृभाषामा शिक्षा दिनुपर्ने कुरालाई विभिन्न अध्ययन अनुसन्धानले देखाएका छन्। मातृभाषामा शिक्षा दिनुपर्ने अवधारणाको विश्वव्यापी रूपमा नै प्रयोग हुन थालेको छ। संयुक्त राष्ट्रसंघले पनि भाषाको महत्त्व बुझाउन आफ्नो सदस्य राष्ट्रहरूलाई सन् २००० देखि *२१ फेब्रुअरी* का दिन मातृभाषा दिवस मनाउन आग्रह गरेको थियो जुन नेपालले पनि

मनाउँदै आएको छ । विद्यालय जाने उमेरका अधिकांश बालबालिकाले आफ्नो मातृभाषा मात्र बोल्न सक्छन् यसर्थ उनीहरूलाई मातृभाषाका माध्यमवाट शिक्षा दिनु पर्छ भन्ने अवधारणा मातृभाषामा शिक्षा हो । बहुभाषिक मुलुकहरूले मातृभाषा शिक्षामा विभिन्न पहल गरिरहेका छन् । मातृभाषाको माध्यमबाट पठन पाठन गराउँदा बालबालिकालाई पठन पाठनमा सहज हुनका साथै भाषाको संरक्षण पनि हुन्छ । त्यसैले योबालबालिकाको सर्वाङ्गीण विकासका लागि महत्त्वपूर्ण शिक्षापद्धतिहो । बालकको शिक्षा जन्मेदेखि घर परिवार र समुदायमा बोलिएको भाषा अर्थात् उसको मातृभाषामा भयोभने उसले सजिलै सिक्न र बुझ्न सक्छ भन्ने मान्यता भातृभाषा शिक्षाको छ । भाषा नै सिक्न सकेन भने शिक्षा वा ज्ञान कसरी सिक्ने ? मातृभाषामा शिक्षा दिनु भनेको कालान्तरसम्म मातृभाषालाई जोगाइराख्नुका साथै सबै नागरिकले शिक्षा पाउने संवैधानिक अधिकारलाई कार्यान्वयन गर्नु पनि हो ।

## नेपालको भाषिक नीति

बहुभाषिक मुलुक नेपालमा नेपाली भाषा नेपालको राष्ट्र भाषा हो भनि संविधानमानै उल्लेख गरिएको छ । भाषाका बारेमा संविधानमा नै उल्लेख गरिनुलाई भाषा नीति भनिन्छ । नेपालमा भाषा नीति कस्तो हुनु पर्छ भन्ने कुराको पहिलो चर्चा वि.सं. १९७४ मा भयो(प्रज्ञा, ११०,पृ.२७) । वि.सं. १९७४ मा नै नेपालको भाषा नीतिका बारेमा चर्चा भएपनि २००४ सालमा आएर नेपालमा पहिलोपटक लिखित संविधान निर्माण भयो ।सो संविधानले नेपाली भाषालाई नेपालको राष्ट्रभाषाको रूपमा चिनाएको छ । २००४ सालको संविधानमानै भाषाका बारेमा चर्चा हुनुले भाषालाई नीतिमा नै समेट्नु पर्छ भन्ने जागरणको सुरूआत त्यहि बेला भएको देखिन्छ ।

नेपालको भाषा नीतिमा देशको राजनैतिक परिवर्तन र क्रान्तिले प्रत्यक्ष असर पारेको छ । नेपालको २००७ सालको राजनैतिक क्रान्तिपछि जनतामा चेतनाको ठुलो लहर आयो। जसमा भाषालाई जनताले आफ्नो पहिचान, राष्ट्रियता र अधिकारका रूपमा लिन थाले । त्यसपछि भाषा र भाषा नीतिका सन्दर्भमा खुला बहस हुन थाल्यो। यिनै बहस र चर्चाको परिणाम प्रजातान्त्रिक नेपालको संविधान २०१५ मा 'देवनागरी लिपिमा लेखिएको नेपाली भाषालाई नेपालको राष्ट्र भाषा' घोषित गरियो। नेपाली भाषालाई मात्र मान्यता र प्राथमिकता राखेको नेपालको संविधानमा अर्थात् नेपालको भाषिक नीतिमा राजनैतिक परिवर्तनको प्रत्यक्ष असर पछिल्ला संविधानमा देखिएको छ । नेपालको भाषा नीतिमा ठुलो परिवर्तन २०४७ सालको संविधानले गरेको छ । २०४६ सालको प्रजातान्त्रिक आन्दोलन पछि निर्माण गरिएको नेपाल अधिराज्यको संविधान २०४७ मा प्राथमिक तहमा मातृभाषाको प्रयोग गर्न सक्ने प्रावधान पहिलो पटक गरियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपाली र नेपालका अन्य भाषाहरूमा सम्बन्धमा निम्नलिखित नीतिहरू अवलम्बन गरेको देखिन्छ :

१) देवनागरी लिपिका नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ (धारा ६, उपधारा १) ।

२) नेपालमा विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन् (धारा ६, उपधारा २) ।

३) नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने अधिकार हुनेछ (धारा १८, उपधारा १) ।

४) प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछन् (धारा १८, उपधारा २) ।

५) विभिन्न धर्म, जात, जाति, सम्प्रदाय र भाषाभाषीहरूका बिच स्वस्थ एवम् सुमधुर र सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशमा सांस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकता सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्ने छ (धारा २२, उपधारा २) ।

यसरी २०४७ सालको संविधान हेर्दा बहुङ्ख्यक नेपालीले बोल्ने र बुझ्ने भाषा नेपालीलाई नेपालको राष्ट्र भाषा मानेको छ। विगतको संविधानमा जस्तै नेपाली भाषालाई नै राष्ट्र भाषा माने पनि सम्पूर्ण मातृभाषालाई राष्ट्रिय भाषा मानेको छ।

जनआन्दोलन २०६२/०६३ सम्म आइपुग्दा नेपाली जनताको चेतानाको स्तर निकै वृद्धि भइसकेको थियो । यसर्थ पनि नेपालको अन्तरिम संविधान, २०६३ ले नेपालमा बोलिने भाषाका बारेमा अझ उदार दृष्टि राखेको छ। नेपालको अन्तरिम संविधान, २०६३ मा भएका नेपालका भाषिक नीति निम्नानुसार रहेका छन् :

१) नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् (धारा ५, उपधारा २)।

२) देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ (धारा ५, उपधारा २) ।

३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषामा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिने छैनन् । त्यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तरण गरी अभिलेख राख्ने छ । (धारा ५, उपधारा ३) ।

४) प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ (धारा १७, उपधारा १) ।

५) नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्धन गर्ने हक हुने छ (धारा १७, उपधारा ३) ।

६) विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उपजाति र भाषाभाषीहरूका बिच समानता एवम् सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, कला र संस्कृतिका समान विकासद्वारा देशको सांस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्ने छ (धारा ३५, उपधारा ३) ।

यसरी नेपालको अन्तरिम संविधान, २०६३ ले नेपालमा बोलिने सबै भाषालाई समान महत्त्व दिएको छ। नेपालमा बसोबास गर्ने सबै जातजाति, भाषाभाषी र विभिन्न धर्म संस्कृति मान्ने समुदाय बिच राष्ट्रिय एकता कायम गर्ने नीति राज्यले अवलम्बन गरेको छ। जुन नीतिले देशमा धार्मिक र साम्प्रदायिक सद्भाव कायम गर्नुका साथै भाषिक एकतामा जोड दिएको छ। यति हुँदाहुँदै पनि सरकारी कामकाजको भाषा नेपालीलाई नै निर्धारण गर्नुले अझै पनि नेपाली भाषा जति नै महत्त्वहरू भाषाले नपाएको हो कि भन्न सकिन्छ।

नेपालको वर्तमान भाषिक नीति भनेको नेपालको संविधान, २०७२ को संविधानमा उल्लेख भएको नीति हो। जसमा निम्नानुसार भाषिक व्यवस्था गरिएको छ :

नेपालको संविधान, २०७२ को प्रस्तावनामा नै नेपालको भाषिक विविधतालाई यसरी उल्लेख गरिएको छ :बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक, सांस्कृतिक, ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, सम्वृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ ।

यसरी यस प्रस्तावनालाई हेर्दा के भन्न सकिन्छ भने भाषा हाम्रो राष्ट्रिय एकतासँग गाँसिएको विषय हो । सबै भाषाभाषीलाई राज्यका हरेक क्षेत्रमा समान अवसर र महत्त्व दिनु पर्छ अनि मात्र राष्ट्रको सम्वृद्धि सम्भव छ । आज हाम्रो देशले पनि समानुपातिक र सहभागितामूलक सिद्धान्तलाई अघि सारेको छ ।

यसै संविधानको विभिन्न धारामा भाषाका बारेमा निम्नानुसार नीतिगत व्यवस्था रहेको छ :

१) नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन्  (भाग १, प्रारम्भिक धारा २) ।

२) सरकारी कामकाजको भाषाः देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ  (भाग १, प्रारम्भिक धारा ७, उपधारा १) ।

३) नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुन बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने छ (भाग २, प्रारम्भिक, धारा, ७, उपधारा २) ।

४) राज्यले नागरिकहरूका बिच उत्पत्ति धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन (भाग ३, मौलिक हक र कर्तव्य, धारा १८ को समानताको हक शीर्षकको उपधारा ३) ।

५) दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षाको हक हुनेछ (भाग ३, मौलिक हक र कर्तव्य, धारा ३१ को शिक्षासम्बन्धी हक शीर्षकको उपधारा ४) ।

६) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने छ (भाग ३, मौलिक हक र कर्तव्य, धारा ३२ को भाषा तथा संस्कृतिको हक शीर्षकको उपधारा १) ।

७) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, सांस्कृतिक, सांस्कृतिक मान्यता र सम्प्रदायको सम्बर्धन र संरक्षण गर्ने हक हुने छ (भाग ३, मौलिक हक र कर्तव्य, धारा ३२ को भाषा तथा संस्कृतिको हक शीर्षकको उपधारा ३) ।

८) विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबिच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्वता कायम गरी सङ्घीय एकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्धन गर्ने (भाग ४ राज्यका निर्देशक सिद्वान्त, नीति तथा दायित्व शीर्षकको धारा ५१ को राज्यका नीतिहरू उपशीर्षकको (क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीति शीर्षकको २) ।

९) देशको विविधता कायम गर्दै समानता एवम् सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास

गर्ने (भाग ४, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व शीर्षकको धारा ५१ को राज्यका नीतिहरू उपशीर्षकको (ग) सामाजिक र सामायिक रूपान्तरण सम्बन्धी नीति उपशीर्षकको छ) ।

१०) बहुभाषिक नीति अबलम्बन गर्ने (भाग ४, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व शीर्षकको धारा ५१ को राज्यका नीतिहरू उपशीर्षकको (ग) सामाजिक र सामयिक रूपान्तरण सम्बन्धित नीति उपशीर्षकको ७) ।

नेपालको भाषा नीतिको विगत र वर्तमान हेर्दा के भन्न सकिन्छ भने नेपालको भाषिक नीति क्रमशः लचिलो र उदार हुँदै गएको छ। २००४ सालको संविधानले नेपाली भाषालाई मात्र प्राथमिकतामा राखेर बनाएको भाषा नीति आज २०७२ को संविधानसम्मआइपुग्दा नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषाका रूपमा स्वीकार गरिएको छ । प्रदेशको आवश्यकता हेरेर बहुसङ्ख्यक जनताले बोल्ने भाषालाई सरकारी कामकाजको भाषा बनाउन सक्ने जस्ता प्रावधान हेर्दा नेपालको भाषा नीतिले सबै मातृभाषी वक्ताहरूलाई समान अवसर र महत्त्व प्रदान गरेको छ। बहुभाषिक हाम्रो मुलुकमा कुनै पनि बालक भाषाकै कारण शिक्षाको अवसरबाट बञ्चित हुन नपरोस् भन्नका लागि मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्नुलाई निकै सह्रानीय मान्न सकिन्छ। यसरी हेर्दा विविध भाषाभाषीका वक्ताहरूको बसोबास रहेको हाम्रो मुलुकमा अब भाषाकै कारणले कसैले पनि हीनताबोधको महसुस गर्नु नपर्ने र राज्यका कुनै पनि अवसरबाट वञ्चित हुन नपर्ने एउटा आदर्श भाषा नीति बनाउने प्रयास नेपालको विगत र वर्तमान भाषा नीतिको अध्ययनबाट पाइन्छ।

## नेपालमा मातृभाषा शिक्षाको पृष्ठभूमि

नेपालको भाषिक पृष्ठभूमि बहुभाषिक छ जुन संविधानले नै स्वीकार गरिसकेको छ। यसर्थ भाषा नीति र योजना पनि देशको भाषिक पृष्ठभूमि सुहाउँदो हुनुपर्दछ। पञ्चायतकालमा राज्यले एक भाषिक नीति अवलम्बन गरेको थियो जसमा नेपाली बाहेकका भाषाहरूको कुनै स्थान थिएन। वि.सं.२०४६ को जनआन्दोलन पछि बनेको नेपालअधिराज्यको संविधान २०४७ मार्फत् संवैधानिक रूपमा नै नेपाललाई बहुभाषिक मुलुकका रूपमा स्वीकार गरिनु नै मातृभाषीहरूका लागि एउटा ठुलो उपलब्धि थियो । संविधानमा नै मातृभाषा उल्लेख भएको यो नै पहिलो अभिलेख थियो (योन्जन २०७७) । यसै अवधिमा नेपालले बाल अधिकारसम्बन्धी महासन्धी सन् १९८९ लाई १९९० मा हस्ताक्षर गर्यो । विभिन्न अन्तर्राष्ट्रिय नीति तथा सम्मेलनहरूमा सहभागी भएर मातृभाषामा शिक्षा दिने प्रतिबद्धता जनायो। सबैका लागि शिक्षाको राष्ट्रिय कार्य योजना नेपाल(सन् २००१-२०१५) तयार भयो । यसमा पनि बालवालिका सम्बन्धी राष्ट्रिय नीति (वि.सं.२०६९को दफा ८.३४) मा प्रत्येक बालबालिकालाई मातृभषामा आधारभूत शिक्षा पाउने व्यवस्था गरिएको छ । यसै नीतिमा बहुभाषिक शैक्षिक कार्यक्रम अन्तर्गत फिनल्यान्ड सरकारको प्राविधिक सहयोगमा नेपाल सरकारले छ जिल्लाका सात विद्यालयमा आठ मातृभाषामा पाठ्यसामाग्री प्रकाशन गर्ने शिक्षकको व्यवस्था गरेर तालिम दिने सहमतिमा १५ जनवरी २००७ देखि जुलाई २००९ सम्म पाइलट प्रोजेक्टको रूपमा कार्यक्रम चलायो(यादव, २०७५, पृ.७८) । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (वि.सं.२०७०)मा शिक्षा मन्त्रालयद्वारा कक्षा एकदेखि तीनसम्मका लागि बालबालिकाको पढाइ सिप विकासको लागि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागू गरेको छ। नीतिगत व्यवस्थाका रूपमा बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ आएको छ। यसले पूर्वप्राथमिक तह मातृभाषामा १-३ कक्षासम्म अंग्रेजी र नेपाली वाहेक अन्य सबै विषय मातृभाषामा, ४ र ५ मा

मातृभाषा र सरकारी कामकाजको भाषामा दिने व्यवस्था गरेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले आधारभूत शिक्षाको कम्तीमा १ देखि ३ कक्षासम्म मातृभाषामा शिक्षा पाउने अधिकारलाई स्वीकृत गरेको छ ।

यी संवैधानिक र कानूनी प्रावधानका आधारमा अन्य विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट मातृभाषामा शिक्षाका लागि पहल गरिरहेका छन् । जस्तै पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र, शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालयको भाषा विज्ञान केन्द्रीय विभाग र भाषा आयोगबाट उल्लेखनीय प्रयासहरू भएका छन् । नेपालको संविधानको धारा २ र ७ बमोजिम नेपाल सरकारबाट २०७३ साल भाद्रमा भाषा आयोगको गठन भयो । यसले पनि मातृभाषाका लागि उल्लेख्य प्रयासहरू गरिरहेको छ ।

स्थानीय सरकार ऐन २०७४ ले मातृभाषामा शिक्षा नीति कानुन र योजना निर्माण गर्ने सम्मको अधिकार दिएको छ । मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, स्वीकृति तथा नियमन गर्ने सम्मको व्यवस्था यसमा रहेको छ । कतिपय पालिकाहरूले विज्ञहरूको सहयोगमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाको खाका पनि तयार पारिरहेको अवस्था छ । यो एउटा सुखद पाटो पनि हो । सङ्घीय संरचना अनुसार नेपालमा तीन तहको प्रशासनिक संरचना रहने संवैधानिक व्यवस्था छ । शिक्षालाई तीन ओटै तहको सरकारको क्षेत्राधिकार भित्र राखिएको छ । आधारभूत तहको शिक्षाको व्यवस्थापनको क्षेत्राधिकार स्थानीयतहलाई दिइएको छ । यसर्थ स्थानीयतहले आफ्नो पालिकाको भाषिक स्थितिलाई हेरेर मातृभाषामा शिक्षा लागु गर्न सक्दछन् । यसरी तीन ओटै तहका सरकारको पहलमा मातृभाषामा गुणस्तरीय शिक्षा पाउने अवसर प्रदान गर्नु आजको आवश्यकता हो । समग्रमा हेर्दा मातृभाषामा शिक्षा सम्बन्धी ऐन, नियम, निर्देशिका हाम्रो भाषिक परिवेश अनुकूल छन् । मातृभाषामा शिक्षा दिनुपर्ने विषयलाई संविधानमानै उल्लेख गरेर राज्यले नीतिगत रूपमा मातृभाषामा शिक्षाका लागि बाटो खुला गरिदिएको छ ।

## मातृभाषामा शिक्षाको आवश्यकता

मातृभाषामा शिक्षा भनेको बालबालिकालाई मातृभाषाको माध्यमबाट दिइने शिक्षा हो र मातृभाषाको शिक्षा भनेको मातृभाषा विषयको शिक्षा हो । नेपालको संविधान २०४७, २०६३ र २०७२ ले *मातृभाषामा शिक्षाको कुरा गरेका छन्, मातृभाषाको शिक्षाको होइन* (तामाङ, २०७०) । यस लेखमा विषयका रूपमा नभई माध्यमका रूपमा मातृभाषा शिक्षाको महत्त्व र आवश्यकताको चर्चा गरिएको छ ।

नेपाल सरकारले मातृभाषी बालबालिकाले आ-आफ्ना मातृभाषामा पढ्न पाउने भाषिक अधिकार लाई संवैधानिक अधिकारकै रूपमा राखिएको कुरालाई माथिनै उल्लेख गरिसकिएको छ । सर्वप्रथम त मातृभाषामा शिक्षा पाउने उसको जन्मजात अधिकार हो । हालसम्म भएका विभिन्न अध्ययन अनुसन्धानकर्ताको एउटै निष्कर्ष छ कि आधारभूत शिक्षा मातृभाषामा दिन सर्वगुणस्तरीय हुन्छ । आफ्नो पहिलो भाषालाई विद्यालयमा माध्यम भाषाका रूपमा अध्ययन गर्न पाउँदा उनीहरूको सिकाइ सहज हुन्छ । बालबालिकाको मातृभाषाको माध्यमबाट सुरु गरिएको शिक्षा दिगो हुन्छ र अन्य भाषा सिक्न सहज हुन्छ भन्ने मान्यता छ। बालबालिकालाई सहज रूपमा गुणस्तरीय शिक्षा दिंदा साक्षरता दर वृद्धि हुन्छ । यदि मातृभाषामा शिक्षा दिन सके योदर बढाउन सकिन्छ ।

बालकमा संज्ञानको द्रुत विकास गर्न, कक्षा छाड्ने प्रवृत्तिमा कमी गर्न, गुणस्तरीय शिक्षालाई सुनिश्चित गर्न र मातृभाषाको संरक्षण र प्रवर्धन गर्न मातृभाषा शिक्षाले ठुलो सहयोग गर्छ (रेग्मी, २०७६) ।

नेपालमा भएका विभिन्न अध्ययन अनुसार जस्तैः (अवस्थी, २०४५) ले पनि कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने विद्यार्थीमध्ये मातृभाषामा पठनपाठन हुने विद्यार्थीभन्दा मातृभाषामा पढाइ नहुने विद्यार्थीको संख्या वढी छ (यादव, २०७५, पृ : ७६)भन्ने कुरा उल्लेख गरेका छन् ।

भाषाविद्का अनुसार यसरी शिशुलाई प्रथम आहाराका रूपमा आमाको दुध उपयुक्त भए जस्तै बच्चाको पढाइ मातृभाषामा नै आरम्भ गर्नु पर्छ । आधारभूत तहको सिकाइ मातृभाषाको माध्यमबाट सुरुगर्नु उपयुक्त हुन्छ । मातृभाषामा शिक्षा दिनु भनेको सो भाषाको जगेर्ना गर्नु पनि हो । भाषासँगै संस्कृति, भेषभूषा र ज्ञानको पनि जगेर्ना हुन्छ । कुनै पनि भाषा मर्नु भनेको त्यसमा भएको ज्ञान मर्नु पनि हो । त्यसैले पनि भाषाको संरक्षण र विकास हुनु आवश्यक छ । भाषा कुनै पनि समुदायको पहिचान पनि हो । छ्यालिस पछिका विभिन्न आन्दोलनले मातृभाषामा शिक्षालाई भाषिक पहिचानको रूपमा उठान गरिरहेका छन् । राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमा यस विषयलाई प्रमुख रूपमा स्थान दिएका छन् । राज्यको चिन्तन र सिद्धान्त देशको शैक्षिक प्रणाली निर्देशित हुन्छ ।

(स्कुतनाव-कंगास र अन्य, २००८) र (स्कुतनाव-कंगास र माहेनती, २००९) ले मातृभाषाको एउटा प्रचलित मुख्य भाषालाई शिक्षणको माध्यम बनाउँदा विद्यालय शिक्षाको आधारभूत तहमा शिक्षाको गुणस्तर अत्यधिक खस्कने र भर्ना नहुने तथा बिचैमा विद्यालय छाड्ने दर उच्च हुने जनाएका छन् (सील र अन्य, २०७३,पृ.३०)। विद्यालयमा मातृभाषाको प्रयोगले विद्यार्थीलाई विद्यालयजान प्रेरित गर्दछ किनकि मातृभाषाको प्रयोगले विद्यालयमा पनि उनीहरूले घरकै वातावरण रहेको अनुभव गर्न पाउँदछन् । भाषा संस्कृतिको संवाहक पनि हो । कुनै पनि संस्कृतिलाई त्यस भाषाले बाहेक अन्य भाषाले व्यक्त गर्न सक्दैन । मातृभाषामा शिक्षाले गुणस्तरीय शिक्षाको सुनिश्चितता, कक्षा उपस्थितिमा नियमितता, पढाइ छाड्ने प्रवृत्तिमा कमी आउँछ भन्ने विभिन्न अध्ययन प्रतिवेदनले देखाएको छ ।

**मातृभाषामा शिक्षाका चुनौतीहरू**

नेपालमा मातृभाषामा शिक्षा पाउने संवैधानिक हक स्थापित भएको तीन दशक भइसकेको छ । यसरी नेपाल सरकार र सरकारी निकायहरूले भाषिक मानव अधिकार र मातृभाषी बालबालिकोआफ्नै मातृभाषामा पढ्न पाउने संवैधानिक अधिकारको कार्यान्वयन तहमा भने अझै प्रशस्त समस्या र चुनौती रहेका छन् ।

भाषाविद् अमृत योन्जन तामाङका अनुसार संविधान प्रदत्त अधिकार मातृभाषामा शिक्षालाई मातृभाषाको शिक्षामा परिणत गरेर अपव्याख्या गर्ने काम भइरहेको छ । यहाँ मातृभाषा विषयको रूपमा कार्यान्वयन गरियोजसले गर्दा मातृभाषीहरू भने नरूचाएको  गाँस खान बाध्य भएका छन् (तामाङ, २०७७) । यसरी हेर्दा समस्या नीतिको होइन, कार्यान्वयनको हो भन्ने उनको ठम्याइ छ । माध्यमका रूपमा कक्षाकोठामा मातृभाषाको प्रयोग गर्नुपर्नेमा विषयका रूपमा एउटा विषय मातृभाषा पढाएर पन्छिने परिपाटि विद्यालय प्रशासन र शिक्षकहरूबाट भएको पाइन्छ । म स्वयम् यो अनुसन्धानका लागि धनकुटामा बहुभाषिक शिक्षाको नमुना परीक्षण गरिएको विद्यालयमा पुग्दा त्यहाँ सत्प्रतिशत आठपहरिया राईभाषी विद्यार्थी भए पनि मातृभाषामा शिक्षण नगरी मातृभाषाको शिक्षण गरेको पाइयो र त्यो पनि एक वर्षदेखि विभिन्न कारण देखाउँदै बन्द गरेको अवस्था थियो । हो यसरी नीतिले मातृभाषामा शिक्षाका लागि मार्गनिर्देशन गरेपनि कार्यान्वयन तहमा रहेकाहरूले आनाकानी गर्ने र आफूलाई सहज हुने बाटो खोज्दा मातृभाषामा शिक्षा कार्यान्वयन तहमानै अल्झिरहेको अवस्था छ । अध्ययनकै क्रममा मातृभाषामा

शिक्षाको अर्को चुनौती भनेको उपयुक्त भाषिक पृष्ठभूमि भएका शिक्षकको उपलब्धता नहुनु हो । भाषिक विविधता भएकोमा प्रभावकारी शिक्षण विधिमार्फत शिक्षण सिकाइ गराउनु धेरैलाई चुनौतीपूर्ण छ ।

मातृभाषामा पढाउन सम्बन्धित समुदाय पनि जिम्मेवार नहुनु र अंग्रेजी भाषाप्रतिको मोह आजको मातृभाषामा शिक्षाको चुनौती हो । यसकालागि जनचेतना आवश्यक छ । त्यतिकै लगेर विद्यालयमा मातृभाषा थोपर्ने भन्दा पनि त्यसका लागि अभिभावक जागरूक हुनुपर्दछ । यसका सकारात्मक पक्ष बुझ्नु पर्दछ । त्यसो नहुँदा आज अभिभावकको मोह अंग्रेजी भाषातिर गइरहेको छ । त्यसले गर्दा मातृभाषा हटाएर अंग्रेजी राख्नुपर्ने बाध्यता रहेको छ भन्ने गुनासो बहुभाषी कार्यक्रम चलिसकेका विद्यालयका शिक्षकवाट पनि सुन्न पाइयो। आर्थिक अभाव पनि मातृभाषामा शिक्षाका लागि चुनौती भएको छ । अध्ययनकै क्रममा बहुभाषी कार्यक्रम लागु भएका विद्यालयमा जाँदा अनुदान पाउँदासम्म राम्रैसँग चलेको मातृभाषामा शिक्षा कार्यक्रम, विद्यालयलाई हस्तान्तरण गरेपश्चातभने बन्द गर्नु परेको स्थिति देखियो । नेपाल सरकारले समुदायले चाहेको भाषामा शिक्षा दिन आवश्यक शैक्षिक सामग्री, शिक्षक तालिम लगायत सम्पूर्ण व्यवस्था गर्नुपर्दछ ।

मातृभाषामा शिक्षा लाभदायक र सिकाइमा उपलब्धिपूर्ण रहेको तथ्य विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानले देखाइसकेको छ । यद्यपि मातृभाषामा शिक्षा दिनु निकै चुनौतीपूर्ण रहेको छ। कार्यान्वयनको तहमा रहेकाले जिम्मेवारी बोध नगर्नुले पनि मातृभाषामा शिक्षा कार्यान्वयनमा चुनौती सृजना गरेको छ । सरकारी निकायमा बसेका राष्ट्रसेवकहरूको एकभाषिक मानसिकता प्रमुख चुनौती हो जसले मातृभाषामा शिक्षालाई अपव्याख्या गरेर मातृभाषा विषयको रूपमा कार्यान्वयन गरे । अहिलेको विकराल स्थिति उनीहरूको नियतको दुस्परिणाम हो (तामाङ, २०७७) । कतिपय अवस्थामा विद्यालय प्रशासक, प्रधानाध्यापक र शिक्षकहरूले चासो नदिएको पनि देखियो। सरकारी व्यवस्थापनमा पनि शिक्षकहरूलाई समय समयमा तालिम नदिनु, मातृभाषामा शिक्षा दिइरहेका विद्यालयलाई प्रोत्साहन गर्न नसक्नु, मातृभाषामा शिक्षा दिने पूर्वाधार विकास नगर्नु, समुदायलाई यसको महत्त्व र प्रभावकारिता बारे बुझाउन नसक्नु लगायतका प्रशस्त चुनौतीहरू छन् ।

मातृभाषामा शिक्षामा विविध चुनौती देखिनुमा कार्यान्वयन तहमा बस्ने कर्मचारी तथा प्रशासकको प्रतिबद्धता आवश्यक छ। इमान्दारीतापूर्वक मातृभाषामा शिक्षा पाउने मातृभाषी बालबालिकाको जन्मसिद्ध अधिकारलाई कार्यान्वयन गर्नु पर्दछ । नीति उत्कृष्ट भए पनि उक्त नीतिको प्रभावकारी कार्यान्वयन गरेर गुणस्तरीय शिक्षाको सुनिश्चितता, कक्षामा नियमित उपस्थिति, विद्यालय छाड्ने प्रवृत्तिमा कमी ल्याउन जिम्मेवार निकायमा बसेका सबैले दायित्व लिनु पर्दछ ।

## निष्कर्ष

भाषाको विषय भनेको निकै संवेदनशील विषय हो । भाषा नीति बनाउँदा कुनै भाषालाई काख र कुनै भाषालाई पाख गर्नु हुँदैन । भाषाका माध्यमबाट राष्ट्रिय एकता कायम हुन्छ भने कतिपय अवस्थामा भाषाकै कारण भाषिक दंगा भएको पनि छ । कतिपय अवस्थामा नीति उत्कृष्ट बने पनि कार्यान्वयन गर्न नसकिरहेको अवस्था रहन्छ । नेपालमा नीतिगत रूपमा नै मातृभाषामा शिक्षाको ढोका खुलेको तीन दशक भन्दा बढी भए पनि विभिन्न उल्झनहरूमा अल्झिरहेको अवस्था छ । नेपालमा मातृभाषामा शिक्षा दिने नीतिगत व्यवस्था निकै राम्रो भए पनि कार्यान्वयन तह भने फितलो रहेको छ ।

यसर्थ मातृभाषामा शिक्षाका लागि संवैधानिक र कानुनी व्यबस्थासँगै प्रभावकारी कार्यान्वयन आवश्यक छ । अध्ययनहरूले यही कुरा देखाउँदै आएका छन् ।

नीति कार्यान्वयन गर्ने निकायको दृढ इच्छाशक्ति भाषिक समुदायलाई सुसुचित गर्न सके मातृभाषामा शिक्षाको लागि बाटो सहज हुने छ । जसले गर्दा लाखौं मातृभाषी बालबालिकाहरूलाई मातृभाषामा शिक्षाको अवसर जुट्ने छ । यसमा स्थानीय भाषाविद् र स्थानीय निकायले उत्साह र जागर देखाउनु पर्दछ । जसले स्थानीय तहमा योजना निर्माण र कार्यान्वयनको व्यवस्था गर्नुपर्दछ । हरेक व्यक्ति र समुदायलाई आफ्नो भाषा र संस्कृति प्यारो लाग्दछ । कुनै पनि भाषाले त्यो समुदायको ज्ञान र संस्कृतिको प्रतिनिधित्व गरिरहेका हुन्छन् । तसर्थ स्थानीय स्तरमा रहेका भाषा र संस्कृति जोगाउँदै सबै समुदायलाई शिक्षा दिनु स्थानीय निकायको जिम्मेवारी पनि हो । अबको जिम्मेवारी भनेको स्थानीय तहले लिनुपर्दछ । आफ्नो समुदायमा रहेका विविध भाषा भाषीको पहिचान गर्नुपर्दछ । अल्पसङ्ख्यक भाषिक समुदायलाई विद्यालयसम्म पुऱ्याउन ठोस नीति र योजनाका साथ अगाडि बढ्नुपर्दछ । मातृभाषामा शिक्षामा प्रभावकहरूको पहिचान गर्नुपर्दछ । सम्बन्धितमातृभाषी समुदायमा चेतना जगाउनु पर्दछ । यो या त्यो बहानामा अल्पसङ्ख्यक भाषिक समुदायलाई उनीहरूको अधिकारबाट वञ्चित गर्नु हुँदैन । मातृभाषामा शिक्षाका विभिन्न चुनौतीलाई समाधान गर्दै त्यसलाई एउटा अवसरमा बदल्नु आजको आवश्यकता हो ।

## सन्दर्भसामग्री


अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

अमान्दा, सील र अन्य (२०१६), *शिक्षणको माध्यम र शिक्षाका भाषाहरू, नेपालमा शिक्षाका नीति, योजना र अभ्यासका लागि अबको बाटो,* काठमाडौँ : अष्ट्रेलियन राजदूतावास/डिफ्याक्ट ।

कंगास,स्कुतनाभ तोभे(वि.सं.२०७१), फागुन १० मा अनुवादित प्रकाशन*मातृभाषामा, बहुभाषिक शिक्षा किन ?*शिक्षा विभाग, बहुभाषिक शैक्षिक कार्यक्रम, समाहितशिक्षा शाखा ।

कानुनी किताब व्यवस्था समिति (२०७२), *नेपालको संविधान २०७२,* काठमाडौँ : कानुन, न्याय तथा संसदीय मामिला मन्त्रलाय ।

केन्द्रीय तथ्याङ्क विभाग (२०११), *नेपालको जनगणना प्रतिवेदन २०११,* काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

नेपालमा बहुभाषिक शिक्षा, *शिक्षक स्वाध्ययन सामग्री* (२०७२), भक्तपुर : शैक्षिक जनशक्ति, विकास केन्द्र ।

पन्ध्रौं योजनाआ.व.(२०७६/०७७), काठमाडौँ : राष्ट्रिय योजना आयोग ।

पोखरेल, शैलजा, (२०७१) 'नेपालका लागि आदर्श भाषा नीति', *प्रज्ञा,* अङ्क ११० ।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम (२०७३), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भाषा आयोग, *भाषा आयोगका प्रतिवेदनहरू* (२०७३ भाद्र २३ देखि २०७७ असार मसान्तसम्म) शंखमूल, काठमाडौंः ।

यादव, योगेन्द्रप्रसाद(२०७५), *शिक्षक स्रोत पुस्तक,* काठमाडौंः सिकाइ समूह ।

योञ्जन-तामाङ, अमृत (२०७७), *नेपालका भाषाहरूको पहिचान, वर्तमान स्थिति र भाषा विकास योजना,* काठमाडौँ : आदिवासी भाषाविज्ञान समाज ।

योञ्जन-तामाङ्ग, अमृत (२०७७ असोज) मातृभाषामा शिक्षाको दशा र दिशाः मेलनेपाल डट कम

रेग्मी, दानराज(२०७६ पौष), मातृभाषा शिक्षानीतिका चुनौतीः *नयाँ पत्रिका ।*

लोप्चन, लोकबहादुर (२०७६), *आधारभूत तहमा तामाङ भाषाको शैक्षणिक उपयोग,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, शिक्षाशास्त्र डिनको कार्यालय, त्रि.वि.वि., कीर्तिपुर, काठमाडौँ ।

सील, अमान्डा र साथीहरू (२०७३), *शिक्षाको माध्यम र शिक्षाका भाषाहरू नेपालमा शिक्षाका नीति, योजना र अभ्यासका लागि बाटो,* काठमाडौँ : ट्रान्सेन्ड भिजन नेपाल ।

शर्मा, गोपीनाथ (२०७१), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौं : सोपान प्रेस प्रा.लि. ।

UNESCO (2016). *The Key to Unlocking SSDG 4. Quality Education forAll.* Multilingual Education Working Group, Asia Pacific MTEAsia Pacific Bureau For Education.Bankok.

## लेखक

सुस्मीता खतिवडा त्रि.वि., कीर्तिपुरमा विद्यावारिधि शोधार्थी, हुनुहुन्छ । पुर्वाञ्चल विश्वविद्यालय, बिराटनगरबाट स्नातकोत्तर तह उत्तीर्ण गर्नुभएकी खतिवडा हाल त्रि.वि., कीर्तिपुरमा विद्यावारिधि शोधार्थी हुनुहुन्छ। बिभिन्न कलेजहरूमा नेपाली शिक्षा विषयमा अध्यापनरत उहाँले अनुसन्धानमूलक लेखहरू पनि प्रकाशन गर्दै आउनु भएको छ। उहाँ भाषा, शिक्षा र साहित्यका क्षेत्रमा रुचि राख्नुहुन्छ ।